# NEPALI

***Maximum Marks : 80***

***Time Allowed : Three Hours***

---

*(Candidates are allowed **additional 15 minutes** for **only** reading the paper.*

*They must **NOT** start writing during this time.)*

---

*Answer questions **1, 2** and **3** in Section **A** and **four** other questions from Section **B** on*

***any three** out of the four prescribed textbooks.*

*The intended marks for questions or parts of questions are given in brackets [ ].*

---

## SECTION—A

## LANGUAGE - 40 MARKS

**Question 1** **[15]**

**Write a composition in approximately 400 words in Nepali on any one of the topics given below.**

**निम्नलिखित विषयहरूमध्ये कुनै एउटा विषय छानेर नेपालीमा अन्दाजी 400 शब्दहरूको लम्बाइमा रचना लेख्नुहोस् ।**

(i) 'जल नै जीवन हो।' मानव जीवनमा पानीको महत्वबारे चर्चा गर्दै त्यसका संरक्षणका निम्ति के-कस्ता उपायहरू गर्न सकिन्छ, चर्चा गर्नुहोस्।

(ii) 'मानव जातिका निम्ति विज्ञान वरदान भएको छ।' यस विचारको पक्ष र विपक्षमा आफ्नो मत प्रकट गर्नुहोस्।

(iii) सर्वाङ्गीण विकासको मार्गमा अग्रसर राष्ट्रलाई अझ उन्नतशील बनाउन युवाहरूको भूमिका कस्तो हुन आवश्यक छ, विवेचना गर्नुहोस्।

(iv) 'अचानाको पीर खुकुरीले जान्दैन।' यस उखानले व्यक्त गर्न खोजेको सन्देश स्पष्ट पार्दै एउटा सुन्दर रचना तयार पार्नुहोस्।

(v) 'किताबी शिक्षाले ज्ञानी र बौद्धिक बनाउँछ भने खेलकूदले पनि शारीरिक र मानसिक विकासमा ठूलो मद्दत गर्छ।'- यस भनाइभित्र लुकेको सत्यतालाई उजागर गर्दै खेलकूदको महत्वबारे सविस्तार चर्चा गर्नुहोस्।

---



Downloaded From www.icseboard.org

(vi) निम्नलिखित कुनै एक विषयमा मौलिक कथा लेख्नुहोस्।

(a) बिछोड

(b) कर्तव्य

**Question 2**

**Read the passage given below carefully and answer in Nepali the questions that follow, using your own words.**

**निम्नलिखित अवतरण ध्यानपूर्वक पढ़ेर त्यसपछि दिइएका प्रश्नहरूका उत्तर जतिसक्दो आफ्नै शब्दहरू प्रयोग गरेर लेख्नुहोस्।**

लगभग दुई वर्षपछि गाउँतिर फर्केको थिएँ। यी दुई वर्षका बिचमा धेरै पटक प्रयास गरें - गाउँतिर जाऊँ भनेर। तर हरेक पटक एउटा अल्झो आइपर्थ्यो र प्रयास केवल प्रयासै रहन जान्थ्यो। यसपटक बल्लतल्ल उम्केर आउन सकेको थिएँ। बाटाभरि आँखामा गाउँ नै नाचिरह्यो। मानसपटलभरि गाउँ नै सलबलाइरह्यो - बुधना, परिछन, रामदरस, बखतबहादुर, कान्छो भाइ, आमा, बा, घर, छिमेक, टोल र गाउँ, सुल्ताना डाँकुको नौटङ्की, महावीरजीको झन्डामेला, हाटबजार...अनि यस्तै यस्तै थुप्रै घटनाहरू। एक समय गाउँका यी घटना, भिडभाड, चहलपहलरूको म प्रत्यक्षदर्शी थिएँ। त्यति मात्र होइन, म पनि तिनमै थिएँ। अहिले आएर ती सबको पृथक्ताबोध कता कता च्वास्स बिझाउँछ - आफैलाई। गाउँमा बस्न नपाउनुको पीडाबोध हलक्क मौलिन्छ छातीभरि। अस्ति भर्खर मात्र भाइले चिठी लेखेथ्यो, 'दाजु! अचेल त परिछनको टोलमा बेलुकी बेलुकी 'रबिन-हुड' को नाटक रिहर्सल गर्दैछन्।' आहा ! चिठी पढेर म कति खुसी भएथें...। चिठी पढिसकेपछि जीवनमा मैले लगभग पहिलो पटक बोध गरें - हाम्रो गाउँमा पनि साँच्चैका मान्छेहरू रहेछन् जो जीवनलाई बुझ्दैछन्। हाम्रो गाउँ पनि केही हो र केही हुनसक्छ र यही 'केही हुनु' नै मेरा लागि अथवा हाम्रा लागि माने म, बुधना, परिछन र बखतबहादुरका हकमा जीवन खुल्दथ्यो अर्थात् जीवनको, बाँच्नुको माने लाग्दथ्यो।

एक पटक स्वयम् परिछनले पनि सायद मेरो भाइद्वारा नै हुनसक्छ, लेखाएर पठाएथ्यो - "किसन भाइ! तिमीहरू त लेखपढ गरेर ठुला मान्छे भयौ। सँगैका साथी हामी, लाग्छ, धेरै पछाडि छुटिसक्यौ। कठै ! तिमी

पनि गाउँमा बसिदिँदा हो त हामी जस्ता गँवारले पनि दुईचार कुरा जान्ने मौका पाउने थियौं।" हुन त परिछनले सोझो हिसाबले नै भनेको होला, तर मलाई कता कता लाग्यो कि मलाई ठुलो मान्छे बनाएर परिछन ममाथि व्यङ्ग्य कस्दैछ। परिछनको यो गुनासोसँगै गाउँ बस्न नपाउनुको पीडाबोध मभित्र फेरि पनि जीवन्त भएथ्यो। म लगभग गाउँनजिक आइपुगिसकेको थिएँ। चैते बतास उन्मुक्त भई छारो उडाउँदै थियो। घाम लगभग चर्कँदै थियो र म - कृष्ण, गाउँ पुग्ने लालसमा एकोहोरो एक सुरमा तर्कनाहरूबिच रम्दै धुलौटे सडक नाप्दै थिएँ।

"जयरामजीकी, किसन भाइ !"

सुनेर सहसा म झस्कें। वरपर हेरें - कताबाट आयो यो परिचित स्वर ? परिछन हो कि ? अथवा बुधना पो हो कि ? अथवा रामदरस पो हो कि ? स्वर खुट्याउन गाह्रो भइरहेथ्यो। हुनसक्छ - यतै कतै हलो जोतिरहेको होला अथवा घाँस खुर्किरहेको होला। नभन्दै सिमलको आडबाट परिछन टुप्लुक्क देखापर्‍यो, जोत्दाजोत्दैको हलगोरु अड्याएर ऊ हस्याङफस्याङ गर्दै मतिर लम्कँदै थियो।

"आऊ बसौं, सियाँलमा एकछिन। घाममा धापिएर आयौ। कहाँबाट - यतिबेला ? किन यति दिनमा ? कुनै चिठीपत्र पनि छोडेनौ ? अचानक !" म नजिक आइनपुग्दै परिछनले मेरा सामु थुप्रै प्रश्नहरू ओइर्‍याइदियो।

जमाना थियो - म र परिछन लँगौटिया यार थियौं। गाई चारउँथ्यौं - सँगसँगै। सिजनमा बदाम, मकै चोरेर ओरहा खान्थ्यौं र गीत गाउँथ्यौं, "गाई चरवाहा टुअर-टापर, भैंस चरवाहा चोर। बकरी चरवाहा छिनर-छानर, ताके चारो ओर।" ती दिनहरू अब धेरै पछाडि छुटिसके। त्यै गीत अचेल परिछनको छोराले गाउँदो हो गोठालो लागेका बेला - परिछनको छोरो पनि बाउको बिंडो थाम्दै। पछि, अलि उमेरदार भएपछि हली बस्ला। परिछन पनि पहिले गोठालो थियो, लगभग छ सात वर्षकै उमेरदेखि। चौथपन्ध्रको किशोर वय नहुँदै बनी कमाउन थाल्यो र पछि हली बस्यो, सायद ज्यालादारीमा। छोरालाई पनि त्यही काम सिकाउँछ र पछि छोराले पनि आफ्नो छोरालाई पनि त्यही काम सिकाउला। यसरी एवम् रितले यो परम्परा अनन्त परिछनहरूका बलिया पाखुरीहरूबाट क्रमशः हस्तान्तरण हुँदै रह्यो। हुन त सायद म पनि त्यही नै हुन्थें होला तर कता, कहाँनिर गल्ती वा सही भयो र मैले काला अक्षरहरूसित मितेरी गाँसें। टोलका मानिसहरूले मेरा



Downloaded From www.icseboard.org

आमाबालाई हुटहुटी लगाइदिए, "चलाख छ, कुरो चाँडै टिप्छ। विद्यालय पठाइदिनुस, भविष्य राम्रो हुन्छ।" म विद्यालय जान थालें काठको पाटी बोकेर। यहींदेखि परिछन र मबिचको अन्तराल बढ्न थाल्यो। हामी, म परिछनदेखि र परिछन मदेखि, तर्की तर्की हिँड्न थाल्यौं। धेरैपछि जब म केही बुझ्न थालें अनि मैले पहिलोपटक अनुभव गरें - परिछनहरूसँग अन्तराल कदापि बढ्न दिइनुहुन्न र जो हुँदैछ त्यो गल्ती गरिँदैछ। यसपछि परिछनलगायत ती बालदौंतरीहरूसँग फेरि सम्बन्ध कायम गर्न मैले निकै श्रम गर्नुपऱ्यो। विद्यालय बिदा परेको बेला कहिले ओरुहा खाने, कहिले गिर खेल्ने, कहिले कपर्दी खेल्ने वा त्यस्तै केही निहुँ पारेर म उनीहरूसंग मिसिन्थें।

(इस्मालीद्वारा लिखित 'गाउँको माया' शीर्षक कथाबाट)

(i) दुई वर्षपछि को गाउँ फर्केका थिए ? उनको मानसपटलमा कुन कुन कुराको याद आइरहेको थियो ? [3]

(ii) प्रत्यक्षदर्शी भन्नाले के बुझिन्छ ? कुन कुराको पीड़ाबोध अहिले उनलाई भइरहेको थियो ? [3]

(iii) पाखुरी भनेको के हो ? कस्तो परम्परा यहाँ हस्तान्तरण हुँदै रह्यो भनिएको छ ? हस्तान्तरणको शाब्दिक अर्थ के हो ? [3]

(iv) बालदौंतरी भन्नाले के बुझिन्छ ? [1]

- (a) युवावस्थाको साथी
- (b) बाल्यकालको साथी
- (c) यात्रामा भेटेको साथी
- (d) धार्मिक साथी

(v) अन्तरालको अर्थ के हो ? [1]

- (a) दुरत्व
- (b) नजिकिनु
- (c) जोड़िनु
- (d) अभिमानी हुनु



Downloaded From www.icseboard.org

(vi) यो कथामा कहाँको वर्णन पाइन्छ ? [1]

(a) शहरको

(b) महानगरीको

(c) गाँउको

(d) बाटाभरिको

(vii) 'विद्यालय पठाइदिनुस्, भविष्य राम्रो हुन्छ।' यो कसले भनेको हो ? [1]

(a) आमा-बाबाले

(b) लेखकले

(c) टोलका मानिसहरुले

(d) परिछनले

(viii) परिछन पहिले के गर्थ्यो ? [1]

(a) हली

(b) मजदुरी

(c) मिस्त्री

(d) गोठालो

(ix) सियाँलमा बस्न आउने व्यक्ति को थियो ? [1]

(a) भरिया

(b) परिछन

(c) यात्री

(d) किसन भाइ

**Question 3**

**Do as directed.**

निर्देशानुसार सही विकल्प छनौट गरेर उत्तर दिनुहोस्।

(i) 'कोमल'-को पर्यायवाची शब्द कुन हो ? [1]

(a) निर्मल

(b) सरोज

(c) मृदु

(d) शुद्ध



Downloaded From www.icseboard.org

(ii) 'जो दुवै तर्फबाट छर्लङ्ग देख्न सकिन्छ' – यसको सार शब्द कुन हो ? [1]

(a) सफा

(b) दुरदर्शी

(c) पारदर्शी

(d) त्रियोदशी

(iii) 'खस्रो' शब्दको विपरीत शब्द कुन हो ? [1]

(a) मुलायम

(b) मसिनो

(c) नरम

(d) घूलो

(iv) माछाको बच्चालाई के भनिन्छ ? [1]

(a) चेपागाँड़ा

(b) गाँडु

(c) डमरू

(d) भुरा

(v) 'प्रतेक' शब्दको शुद्ध हिज्जे कुन हो ? [1]

(a) प्रतेक

(b) प्रैतृक

(c) प्रत्येक

(d) प्रतैक



Downloaded From www.icseboard.org

(vi) 'आँखाको तारा हुनु', यस वाग्धाराको अर्थ के हो ? [1]

(a) शङ्का गर्नु

(b) प्यारो हुनु

(c) निद्रा लाग्नु

(d) मतलब नराख्नु

(vii) 'छोरा' - को स्त्रीलिङ्ग शब्द कुन हो ? [1]

(a) भाउज्यू

(b) छोरी

(c) मितिनी

(d) बुहारी

(viii) 'वनको काँड़ालाई ..........।' यो उखान कुन शब्दले पूर्ण हुन्छ ? [1]

(a) तिर्खानु पर्दैन

(b) उखेल्नु पर्दैन

(c) काट्नु पर्दैन

(d) भाँच्नु पर्दैन

(ix) 'म भोलि विद्यालय जान्छु।' यो वाक्य कुन काल हो ? [1]

(a) वर्तमानकाल

(b) भविष्यतकाल

(c) भूतकाल

(d) अपूर्ण भूतकाल

Downloaded From www.icseboard.org

(x) निम्न वाक्यहरूबाट शुद्ध वाक्य चयन गर्नुहोस्। [1]

(a) शिक्षका विद्यालय गयो।

(b) शिक्षिका विद्यालय गयो।

(c) शिक्षिका विद्यालय गए।

(d) शिक्षिका विद्यालय गइन्।

## SECTION—B

## LITERATURE - 40 MARKS

Answer ***four*** questions from this section on ***any three*** out of the four prescribed text books.

पाठ्यक्रमभित्रका निर्धारित चार पुस्तकमध्ये कुनै तीनवटा पुस्तकबाट चारवटा प्रश्नहरूको उत्तर लेख्नुहोस्।

## गद्य कुञ्ज (GADYA KUNJ)

**Question 4**

निम्न अवतरित गद्यांश पढ्नुहोस् अनि सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस्।

सातौं दिन म जलपाइगुडी जान भनी भारी-गठरी नोकरलाई तयार गर्न लाउँदै थिएँ हठात् ताराले मेरो पाउमा छाँद हालेर भनिन्, "हिजोदेखि जलधारालाई अलि बिसेक छ। बा ! भनी बस्छे। कहाँ जान लाग्नुभएको ?"

'जलपाइगुड़ी, जरूरी काममा।' मैले आफ्नो गोड़ा ताराको बाहुलीबाट हटाएर भनें।

(i) यहाँ को-किन जलपाइगुडी जान लागेका हुन् ? [1]

(ii) तारा को हुन् ? उनले कसलाई किन छाँद हालेर रोक्न खोजिन् ? [2]

(iii) जलधारा को हो ? उसलाई के भएको छ ? [2]

(iv) यस कथाको शीर्षक के हो ? कथाले कस्तो शिक्षा दिएको छ ? विस्तारपूर्वक व्याख्या गर्नुहोस्। [5]



Downloaded From www.icseboard.org

**Question 5** [10]

"केवल एउटा गोलीले कतिजना कुमारीहरूको सतित्वको रक्षा हुनेछ, कतिवटा फूलहरूलाई भँवराबाट रक्षा गर्नेछ। बस, एक गोली।" – यस कथाको शीर्षक कतिको सान्दर्भिक छ ? पठित कथाले दिएको नैतिक शिक्षाबारे विवेचना गर्नुहोस्।

**Question 6** [10]

नेपाली साहित्यमा उखानको कस्तो स्थान छ ? साहित्यमा उखानको महत्वबारे उदाहरणसहित चर्चा गर्नुहोस्।

## कविता कुञ्ज (KAVITA KUNJ)

**Question 7**

निम्न अवतरित पद्यांश पढ्नुहोस् अनि सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस्।

" 'तिमी को हौ'–चिनाउन आएको होइन म
बितेको गौरव–गाथा कहन आएको होइन म
तिम्रा सन्तप्त छातीका पीरहरू उखेल्न आएको होइन म
सजिलै खोसिएका गाँस
हलुकै लुटिएको बास दिलाउन आएको होइन म....।"

(i) यो पद्यांश कुन कविताबाट निकालिएको हो ? यसका कवि को हुन् ? [1]

(ii) कविले यहाँ कसलाई 'तिमी' भनेर सम्बोधन गरेका छन् ? [2]

(iii) कविले कसको गौरव गाथाको कुरा गरेका हुन् ? गौरवपूर्ण गाथा के थियो ? [2]

(iv) यस कविताको मूल भाव के हो ? कवि यस कवितामा केवल कसलाई, के भन्न र चिन्न आएका रहेछन् ? वर्णन गर्नुहोस्। [5]



Downloaded From www.icseboard.org

**Question 8** **[10]**

'धेरै लामा जीवन-यात्रा
जगमा, बेसी दुःखको मात्रा' – कविले प्रस्तुत कवितामा मानव जीवनको यात्रा अनि जीवन दर्शनलाई कसरी प्रस्तुत गरेका छन् ? व्याख्या गर्नुहोस्।

**Question 9** **[10]**

'गाइने' शीर्षक कवितामा कविले गाइनेको जीवनबारे कस्तो वर्णन गरेका छन्, विवेचना गर्नुहोस्।

## जुनेली रेखा (JUNELI REKHA)

**Question 10**

निम्न अवतरित गद्यांश पढेर सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस्।

"जसे दाज्यू, मलाई माफ देऊ, म पापिनीलाई, मैले लोग्ने अघि लगाएँ तिमीलाई पनि हट्टाबाहिर गराएँ। खै, के कुबुद्धि आयो मलाई अर्काको होहोरीमा लागेर।"

(i) यहाँ वक्ता को हो ? कसलाई उसले माफ मागेको हो ? **[1]**

(ii) माफ माग्नुको कारण के थियो ? कसको होहोरीमा लागेर उसले के गरी ? **[2]**

(iii) उक्त अवतरणमा उल्लेखित वार्ता कसको घरमा कुन समय भएको हो ? उसको लोग्ने को हो ? **[2]**

(iv) वक्ताको मनमा त्यस समय कस्तो पीर परेको थियो ? चर्चा गर्नुहोस्। **[5]**

**Question 11** **[10]**

'हट्टाबाहिर' भन्नाले के बुझिन्छ ? जसे हट्टाबाहिर भएको कारण सविस्तार चर्चा गर्दै त्यसपछि उ कहाँ गएर कस्तो काम गर्‍यो वर्णन गर्नुहोस्।

**Question 12** **[10]**

".....यो प्राणको, यस शरीरको माया प्रबल हुँदो रहेछ। सबैलाई अजम्मरी हौं भने जस्तो लाग्दो रहेछ।" – प्रस्तुत भनाइको आधारमा सम्बन्धित पात्राको चरित्र-चित्रण गर्दै माथिको वाक्यबाट कस्तो सन्देश पाइन्छ, वर्णन गर्नुहोस्।

Downloaded From www.icseboard.org

## अनि देवराली रून्छ (ANI DEORALI RUNCHA)

**Question 13**

निम्न अवतरित गद्यांश पढ्नुहोस् अनि सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस्।

रणधोज – "मु तँलाई विन्ती गर्छु बाबु ! आखिरी यो संसारमा तु बाहेक मेरो अरु को रह्यो र। यदि तुइँले पनि गुहार गरिनस् भने मु कसलाई गुहार माग्नु जाउँ। तुलाई मेरो माया छैन छोरी ?"

जुना – (रूँदै) "बुबा, मलाई आफ्नो मायाको त्यति ठूलो मोल नमाग्नु होस्। त्यस बहेक मु तपाईंको लागि जे पनि गर्न राजी छु।"

(i) प्रस्तुत अवतरणको पात्र-पात्राको सम्बन्ध के को छ ? [1]

(ii) रणधोजले जुनालाई के को गुहार मागेको हो ? [2]

(iii) 'त्यसबाहेक' भन्नाले कुन कुरो बुझिन्छ ? [2]

(iv) घटनाको छोटो चर्चा गर्नुहोस्। [5]

**Question 14** [10]

"विछोड़ भनेको विछोड़ नै हो बाबु, चाहे त्यो मृत्युको विछोड़ होस् अथवा विहाको विछोड़। फरक यति हो कि मृत्युको विछोड़मा मान्छेहरू दिल खोलेर रून्छन् अनि विहाको विछोड़मा जबर्जस्ती हाँसेर रून्छन्।"

उपर्युक्त अवतरणको वक्ता को हुन् ? वक्ताले कसको विछोड़ भएपछि को कुरा गरेका हुन् ? वक्ता यति धेरै दु:खी हुनुको कारण के थियो ? सविस्तार वर्णन गर्नुहोस्।

**Question 15** [10]

"अनि देवराली रून्छ" नाटकमा सीधा-सोझा मानिसहरूलाई चतुर र चलाख मानिसहरूले कसरी शोषण र अत्याचार गर्छन् अनि उनीहरूले कस्तो परिस्थितिको सामना गर्नुपर्छ ? वर्णन गर्नुहोस्।



Downloaded From www.icseboard.org